नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग

इ.प्रा.परिपत्र संख्या : ६५७ मिति :- २०७३/५/१

श्री नेपाल राष्ट्र बैंक, बैंकिङ्ग कार्यालय थापाथली लगायत सम्पुर्ण कार्यालयहरु, इजाजतपत्र प्राप्त "क" वर्गका सम्पूर्ण बाणिज्य बैंकहरु तथा राष्ट्रियस्तरका "ख" वर्गका विकास बैंकहरू ।

विषय :- भन्सार नाका संशोधन सम्बन्धमा ।

महाशय,

परिवर्त्य विदेशी मुद्रा भुक्तानी हुने गरी भारत बाहेक अन्य मुलुकहरुबाट गरिने आयात प्रतीतपत्र कारोवार सम्बन्धी इ.प्रा.परिपत्र संख्या ५८० को बुँदा १ को १(३) मा उल्लिखित भन्सार विन्दुका सम्बन्धमा देहाय बमोजिम संशोधन गरिएकोले सोही बमोजिम गर्नु/गराउनु हुन विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा १२ ले दिएको अधिकार प्रयोग गरी यो परिपत्र जारी गरिएको छ ।

१(३) <u>आयात प्रतीतपत्रमा भन्सार विन्दु उल्लेख गर्नुपर्ने :</u>

१(३)(१) आयात प्रतीतपत्र खोल्दा आयात गरिने वस्तु जुन **जुन** भन्सार विन्दुबाट भित्रिने हो सो भन्सार विन्दुको नाम र ठेगाना प्रतीतपत्रमा अनिवार्यरुपले उल्लेख गर्नुपर्नेछ तथा सोही भन्सार **विन्दु** प्रतीतपत्र अन्तर्गत **खिचिने कागजात मध्ये** कम्तीमा Invoice अथवा Transport Document मध्ये कुनै एकमा उल्लेख हुने गरी प्रतीतपत्र **खोल्नु पर्ने** छ ।

**१(३)(२) प्रत्येक भन्सार विन्दुबाट पैठारी हुने मालवस्तुको परिमाण र रकम प्रतीतपत्रमा स्पष्ट खुल्ने अवस्थामा सम्बन्धित बैंकहरुबाट मालवस्तु पैठारी भए/नभएको अनुगमन गर्ने गरी आयात गरिएका मालवस्तु एकभन्दा बढी भन्सार विन्दुबाट पैठारी गर्न सकिनेछ ।**

**१(३)(२) कुनै भन्सार कार्यालयबाट मालवस्तु पैठारी गर्ने गरी प्रतितपत्र खोलेको तर कारणवस सो भन्सार कार्यालयको सट्टा अन्य भन्सार कार्यालयबाट पैठारी गर्नुपर्ने अवस्था परेमा सम्बन्धित आयातकर्ताबाट भन्सार परिवर्तन गर्नुपर्ने औचित्य पुष्टि हुने कागजात लिई प्रतितपत्र खोलेको बैंकले पैठारी हुने भन्सार नाका संशोधन गरेको प्रमाण (वि.वि.नि.फाराम) पैठारी हुने भन्सार कार्यालयमा पेश गर्नुपर्ने छ । यसरी पैठारी हुने भन्सार बिन्दु परिवर्तनका लागि अन्य निकायको अनुमति वा सिफारिस आवश्यक पर्ने छैन । यस प्रयोजनको लागि एकपटक वि.वि.नि.फारम जारी भइसके पछि सोको सक्कल प्रति प्राप्त नभई अर्को वि.वि.नि फारम जारी गर्न पाइने छैन ।**

**१(३)(३) पैठारी हुने मालवस्तुका लागि प्रतीतपत्र खोल्दाकै अवस्थामा भन्सार विन्दु उल्लेख गर्नु पर्ने छ ।**

**१(३)(४) प्रतीतपत्र अन्तरगत भारतबाट मालसामान आयात गर्दा समेत उल्लिखित व्यवस्थाहरु लागु हुनेछ ।**

भवदीय,

(भिष्मराज ढुगाना)
कार्यकारी निर्देशक

**बोधार्थः**

१. श्री गभर्नरको कार्यालय ।
२. श्री डेपुटी गभर्नरको कार्यालय ।
३. श्री नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन महाशाखा ।
४. श्री नेपाल सरकार, अर्थ मन्त्रालय, भन्सार विभाग ।
५. श्री नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय ।
६ श्री नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभाग ।
७. श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
८ श्री नेपाल राष्ट्र बैंक, विकास बैंक सुपरिवेक्षण विभाग ।
९. श्री नेपाल राष्ट्र बैंक, सूचना प्रविधि विभाग ।
१०. श्री नेपाल राष्ट्र बैंक, आन्तरिक लेखा परीक्षण विभाग ।
११. श्री नेपाल बैंकर्स संघ ।
१२. श्री नेपाल उद्योग वाणिज्य महासंघ ।
१३. श्री नेपाल उद्योग परिसंघ ।
१४. श्री नेपाल चेम्बर अफ कमर्स ।